# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि ,२०७७

कालिका गाउँपालिका

धैबुङ,रसुवा

२०७७

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि ,२०७७

नेपालको संविधानको धारा २१४ र २२१ को उपधारा (१) को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०७७ फाल्गुन १५ गतेको ११७ औं कालिका गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी **"कालिका गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि ,२०७७ "** लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि ,२०७७** रहने छ ।

(२) यो कार्यविधि कालिका गाउँपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) गाउँपालिका भन्नाले कालिका गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले कालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) उपाध्यक्ष भन्नाले कालिका गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) संयोजक भन्नाले कालिका गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालक समितिको संयोजक सम्झनुपर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कालिका गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।

(च) लेखा प्रमुख भन्नाले कालिका गाउँपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख सम्झनु पर्छ ।

(छ) कोष भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ज) पीडित वा प्रभावित भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(झ) लैङ्गिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताका आधारमा हुने सबै प्रकारका हिंसा सम्झनु पर्छ ।

(ञ) सञ्चालक समिति भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

**३ कोषको स्थापना :**

(१) यस गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) अन्तराष्ट्रिय संघ संस्था,सरकार र व्यक्तिबाट प्राप्त रकम

(ग) स्वदेशि व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) गाउँपालिकाले छुट्टाएको रकम

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

**४.कोषमा रकम जम्मा गर्ने :**

कालिका गाउँपालिकाको निर्णय अनुसार यस गाउँपालिका क्षेत्रमा कृयाशिल विषयगत सामाजिक संघ संस्थाहरुलाई कोषमा रकम जम्मा गर्नका लागि गाउँपालिकाले निर्णय गर्न सक्नेछ ।गाउँसभाको निर्णयबाट गाउँपालिकाले वार्षिक रुपमा कोषमा बजेटको व्यवस्था गर्नेछ ।

**५.कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि लैङ्गिक हिंसा पीडित वा प्रभावितहरुलाई उपलब्ध गराउन उपयोग गरिनेछ ।

(क) तत्काल उद्दार गर्न

(ख) औषधि उपचार गर्न

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन

(घ) कानूनी सहायता,मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्न,

(ङ) लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुका लागि कुनै व्यवसाय वा स्वरोजगारको लागि सिप विकास,व्यवसाय स्थापना तथा संचालन खर्च अनुदानको रुपमा प्रदान गर्न,

(च) पुर्नस्थापना गराउन,

प्रमुख प्रशासकीय अधिकृत

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने अवस्थामा अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन गाँउपालिकालाई लेखी आएमा त्यस्तो क्षतिपूर्तिको व्यवस्था गर्ने,

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य आवश्यक काममा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित महिला,बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको प्रयोगमा फसेका वा सडकमा आएका व्यक्तिहरुलाई प्राथमिकता दिई उनीहरुको लागि आवश्यक उद्दार तथा सहयोगका लागि कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) सञ्चालक समितिको बैठक संचालन, कार्यालय व्यवस्थापन,भत्ता,तलब लगायतका कुनैपनि शिर्षकमा यो कोषको रकम खर्च गर्न पाइने छैन ।

**७.संञ्चालक समितिको गठन**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि कार्यपालिकाले निर्णय गरी एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारण कोष संचालक समिति संयोजक - उपाध्यक्ष,कालिका गाउँपालिका

(ख) सदस्य - सामाजिक विकास समिति संयोजक

(ग) सदस्य - प्रमुख प्रशासकिय अधिकृत

(घ) सदस्य - दुई जना महिला कार्यपालिका सदस्यहरु

(ङ) सदस्य - स्थानीय प्रहरी कार्यालयको प्रमुख

(च) सदस्य - लैङ्गिकता र लैङ्गिक हिंसा निवारण को क्षेत्रमा कार्यरत गैर सरकारि तथा सामाजिक संस्थाहरु मध्येबाट कार्यपालिकाले तोकेको २ जना

(छ) सदस्य - प्रमुख वा कर्मचारी प्रतिनिधि, स्वास्थ्य शाखा

प्रमुख प्रशासकीय अधिकृत

(ज) सदस्य - प्रमुख वा कर्मचारी प्रतिनिधि ,शिक्षा शाखा

(झ) सदस्य सचिव - प्रमुख वा कर्मचारी प्रतिनीधि, महिला तथा बालबालिका शाखा

(३) संचालक समितिको सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।प्रत्येक ३ वर्षमा पुनर्गठन गरिनेछ । सम्बन्धित शाखा वा कार्यालय वा संस्थाबाट प्रतिनिधित्व गर्ने व्यक्तिको संरुवा भएको अवस्थामा सो जिम्मेवारीमा आउने नयाँ व्यक्ति वा सम्बन्धित शाखा वा कार्यालय वा संस्थाले सिफारिस गरेको नयाँ व्यक्ति वा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(४) सञ्चालक समितिको काम,कर्तव्य र अधिकार : सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिकता र लैङ्गिक हिंसा निवारणको सम्बन्धमा संघ,प्रदेश तथा गाउँपालिकाबाट स्विकृत नीति,नियम,योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि काम गर्ने गराउने,

(ख) लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई आवश्यक राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(ग) लैङ्गिक हिंसा निवारण कोष अन्तर्गत भएका काम कारवाहिको अनुगमन गर्ने वा गराउने तथा प्रगति प्रतिवेदन तयार गर्ने ,

(घ) कालिका गाउँपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धि घटनाको अभिलेख संकलन, अद्यावधिक तथा सार्वजनिक गर्ने ,

(ङ) सीपमुलक तालिम प्राप्त पीडित तथा प्रभावितहरुलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदानको रकम प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने ,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्था र कार्यालयहरुसँग समन्वय गर्ने ,

(छ) कोष वृद्धिको लागि श्रोतको व्यवस्थापन तथा खोजि गर्ने,

(ज) पीडितको तत्काल उद्धार,राहत र पुर्नस्थापनाका लागि राहत,अर्थिक सहयोग तथा अन्य सामग्रि उपलब्ध गराउने,

(झ) लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित सचेतना, क्षमता विकास लगायतका अन्य काम गर्ने वा गराउने ।

**८.कोष सञ्चालक समितिको बैठक र निर्णय :**

(१) सञ्चालक समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ तर आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको जानकारी उपयुक्त माध्यममार्फत सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार जनप्रतिनिधि,सरकारी कर्मचारी,संघ संस्थाका प्रतिनिधि,बाल क्लबका प्रतिनिधीहरु,समाजसेवी लगायतका कुनै व्यक्तिहरु समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य सचिव,संयोजक र समितिका कम्तिमा थप दुई जना सदस्यहरुले प्रमाणित गरी राख्नेछन् ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९.राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :

(क) पीडितलाई तत्काल उद्दार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम,खाना खर्च बापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन एक हजार रुपैयाँको दरले आर्थिक सहयोग दिइनेछ । तर पिडितको अवस्था अनुसार गाडी रिजर्भ गर्नुपर्ने अवस्थाभएमा सोही अनुसारको यातायात खर्च समेतको व्यवस्था गर्न सकिनेछ ।

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम ,खाना खर्च बापत प्रति दिन पाँच सय रुपैयाँ,अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च बापत प्रतिदिन एक हजार रुपैयाँ र उपचार खर्च बिल अनुसार बढीमा पच्चिस हजार सम्म । पिडीतको अवस्था

प्रमुख प्रशासकीय अधिकृत

अनुसार गाडी रिजर्भ गर्नुपर्ने अवस्थामा सोही अनुसारको यातायात खर्च समेतको व्यवस्था गरिनेछ । अस्पतालमा भर्ना गर्दा एक जना कुरुवाका लागि समेत पिडितलाई उपलब्ध हुने बराबरकै दैनिक खाना र आवासको व्यवस्था गरिनेछ ।

(ग) कानूनी सहायता ,मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पच्चिस हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च ,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूजींको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी प्रति व्यक्ति बढिमा पच्चिस हजार रुपैयाँ,

(ङ) पुर्नस्थापनाको लागि बढीमा पचास हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पच्चिस हजार रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा कोष संचालक समितिले त्यस्तो पीडितलाई दश हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएपनि गाउँपालिका वा रसुवा जिल्ला बाहिर रहे बसेको यस गाउँपालिकाको स्थायी बासिन्दा पीडित भएको अवस्थामा समेत सञ्चालक समितिले तोके बमोजिमको उद्दारगरी कालिका गाउँपालिका सम्म आउने व्यवस्था गर्न लागेको रकम र राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) पिडित तथा प्रभावितको उद्दार,राहत,सहयोग,उपचार र पुर्नस्थापनाका लागि संचालक समितिले रिफरल सम्बन्धि व्यवस्थाको लागि नक्शांकन गरी सम्बन्धित निकाय,कार्यालय,संस्था र सरोकारवालाहरुबिच समन्वयात्मक काम गरिनेछ । नक्शांकनमा रहेका निकाय,कार्यालय,संस्था र सरोकारवालाहरुको पिडित तथा प्रभावितको उद्दार,राहत उपचार र पुर्नस्थापनाका लागि आवश्यक सहयोगका लागि पहिलो प्राथमिकताका साथ संचालक समितिले पहल गर्नेछ ।

**१०.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित,प्रभावित वा सम्बन्धित व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई गाउँपालिकामा निवेदन दिनु पर्नेछ । तर सम्बन्धित पिडित वा प्रभावित आफै उपस्थित भई निवेदन दिन नसक्ने अवस्थामा परिवारका सदस्य,आफन्त र सहयोग पुर्याइरहेका व्यक्ति वा संस्थाहरुका प्रतिनिधिले समेत यस्तो निवेदन सम्बन्धित पिडित वा प्रभावितका तर्फबाट दिन सक्नेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गर्नु पर्ने देखिएमा राहत समितिले नियम ९ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**११.तत्काल रकम उपलब्ध गराउन सक्ने**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार,औषधि उपचार पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट दश हजार रुपैंयामा नबढ्ने गरी सम्बन्धित कागजातहरु संलग्न राखि मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१२.छुट्टै खाता खोल्नु पर्ने**

(१)कोषको नाममा छुट्टै बैंक खाता खोल्नु पर्नेछ ।

(२) सो कोषमा जम्मा गर्न प्राप्त रकम प्राइम बैंक,कालिकास्थान शाखामा छुट्टै खाता खोलि जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३.कोषको लेखा र लेखा परिक्षण**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको वार्षिक लेखापरिक्षण गरिनेछ ।

**१४. प्रतिवेदन पेश गर्ने :**

(१) संचालक समितिले हरेक आर्थिक वर्षको अन्त्यमा समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका मार्फत गाउँसभामा पेश गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(२) सञ्चालक समितिबाट पेश भएको प्रतिवेदन सार्वजनिक गर्ने तथा प्रगतिको सार्वजनिक परिक्षण पनि गर्नुपर्नेछ ।

**१५. बैठक भत्ता तथा अन्य खर्चहरु :**

सञ्चालक समितिका संयोजक तथा अन्य सदस्यले सो समितिको बैठकमा भाग लिए बापत गाउँपालिकाको विद्यमान नियम अनुसार मात्र बैठक भत्ता लिन सक्नेछन् तर पिडित वा प्रभावितका लागि प्रत्यक्ष सहयोग बाहेकका अन्य शिर्षकमा कोषको रकम खर्च गर्न मनासिव हुनेछैन ।

**१६. निर्देशन दिन सक्ने :**

(१) कार्यपालिका र गाउँसभाले कोष सञ्चालक समितिको काम कारवाहिको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृ